# प्रदेश सभा सचिबालय

## ५ नं प्रदेश

## बुटवल, रुपन्देही ।

## खरिद इकाई

मितिः २०७६।०२।२७

पत्र संख्या :- २०७५।०७६

चलानी नं. :- ९५८

श्री प्राविधिक शाखा ,

प्रदेश सभा सचिवालय, प्रदेश नं.५ वुटवल ।

विषय :– वेभसाईटमा सूचना प्रकाशित गरिदिने बारे ।

उपरोक्त विषयमा यस सचिवालयमा आर्थिक वर्ष २०७५/०७६ का लागि आवश्यक पर्ने विभिन्न मालसमान, निर्माण कार्य वा सेवा कार्य खरीद/आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६क तथा सार्वजनिक खरीद नियमावली, २०६४,नियम १८ वमोजिम नयाँ सूची थप गर्न चाहने योग्यता पुगेका इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई सूची दर्ता गराउने प्रयोजनको लागि सचिवालयको वेभसाईटमा यसै साथ संलग्न सूचना प्रकाशित गरिदिन हुन अनुरोध गर्दछु ।

(हरिहर पोखेल)

अधिकृत नवौं

# प्रदेश सभा सचिबालय

**५ नं प्रदेश**

**बुटवल, रुपन्देही ।**

**खरिद इकाई**

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७६।०२।२७

यस सचिवालयमा आर्थिक वर्ष २०७५/०७६ का लागि आवश्यक पर्ने तपसील बमोजिमका विभिन्न मालसमान, निर्माण कार्य वा सेवा कार्य खरीद/आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरीद ऐन, २०६३को दफा ६क तथा सार्वजनिक खरीद नियमावली, २०६४,नियम १८ वमोजि नयाँ सूर्ची थप गर्न चाहने योग्यता पुगेका इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुले निम्न मध्ये आफुले गर्ने कार्यहरुको छुट्टा छुट्टै विवरण भरी यो सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र यस सचिवालयको खरीद इकाईमा संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र,र आवश्यकता अनुसारको व्यवसायिक इजाजत पत्र विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी आफ्नो कारोवारको व्यहोरा स्पष्ट खुल्ने गरीसूची दर्ता गराउन आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि यस सचिवालयको सूचना पाटी, Website: www.pradeshsabha.p5.gov.np मा सूचना हेर्न वा फोन नं. ०७१-५४०५०२ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसील**

१. सवारी साधनहरुको आपूर्ति गर्ने तथा मर्मत सम्बन्धी कार्य गर्ने ।

# प्रदेश सभा सचिबालय

**५ नं प्रदेश**

**बुटवल, रुपन्देही ।**

**खरिद इकाई**

२. मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरुको आपुर्ति सम्बन्धी कार्य ।

३. कम्प्युटर, ल्यापटप, प्रिन्टर, सि.सि क्यामरा, यु.पि.एस., स्क्यानर आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।

४. फोटोकपी मेशीन, फ्याक्स मेशिन, टेलिफोन तथा अन्य मेशिनरी सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।

५. सवारी साधनहरुको स्पेयर्स पार्टस आपूर्ति गर्ने तथा मर्मत सम्बन्धी कार्य ।

६. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति, मर्मत र अन्य विविध मर्मत सम्बन्धी कार्य ।

७. ईलेक्ट्रिक सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य

८. इलेक्ट्रोनिक तथा माइक सिस्टमका सामानहरु आपूर्ति तथा मर्मत कार्य ।

९. भवन पार्टिसन, मर्मत, रंगरोगन र निर्माण सम्बन्धी कार्य ।

१०. स्यानीटरीका सामान आपूर्ति, मर्मत तथा निर्माण सम्बन्धी कार्य ।

११. गुणस्तर चिन्ह प्राप्त मिनरल वाटर आपूर्ति सम्बन्धी कार्य ।

१२. स्वास्थ्य सम्बन्धी (औषधि तथा इक्विपमेन्ट आदि) आपूर्ति सम्बन्धी कार्य ।

१३. बगैंचाका सामानहरु र फूल विरुवा आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।

१४. साइन वोर्ड, नेम प्लेट वोर्ड तयार गर्ने सम्बन्धी कार्य ।

१५. आन्तरिक वा अन्तरष्ट्रिय हवाई टिकट खरीद सम्बन्धी कार्य ।

१६. सूचना प्रसारण, प्रकाशन र विज्ञापन सम्बन्धी कार्य ।

१७. पुस्तक तथा पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य ।

१८. सूचना प्रविधि, सफ्टवेयर निर्माण तथा सो को सपोर्ट सर्भिस आपूर्ति गर्ने कार्य ।

१९. जनशक्ति विकास (प्राविधिक तथा प्रशासनिक) सम्बन्धी प्रशीक्षण, तालिम, गोष्ठी आदि सञ्चालन गर्ने कार्य ।

२०. विभिन्न प्रकारको परामर्श सेवा उपलब्ध गराउने कार्य ।

# प्रदेश सभा सचिबालय

**५ नं प्रदेश**

**बुटवल, रुपन्देही ।**

**खरिद इकाई**

<u>शर्तहरु</u>

१. म्याद भित्र पेश नभएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपी संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन ।

२. सूचिकृत बिक्रेता फर्म, संस्था वा कम्पनीहरुबाट सचिवालयको आवश्यकता अनुसारको मालसमान, निर्माण कार्य वा सेवा खरीद गर्न सकिनेछ ।

३. सूचिकृत भएका फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेको खण्डमा मौजुदा सूचीबाट सो फर्म, संस्था वा कम्पनीको नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।

४. पेश हुने निवेदनमा सम्पर्क नं. (फोन नं, सम्भव भएसम्म मोवाइल नं. र सम्पर्क व्यक्ति) स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५. सूचीकृत हुनको लागि निवेदन दिने फर्म, संस्था वा कम्पनीले खामको वाहिर के विषय सम्बन्धी कार्यकोलागि निवेदन दिएको हो स्पष्ट रुपमा खुलाउनु पर्नेछ र एक भन्दा बढी विषयको लागि निवेदन पेश गरेमा प्रत्येक विषयको लागि छुट्टा छुट्टै आवेदन दिनु पर्नेछ ।

६. फर्म, संस्था वा कम्पनी सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सचिवालयमा निहित रहनेछ ।

७. निवेदक फर्म, संस्था कम्पनीले आफ्नो निवेदन (दरखास्त) मा यस अघि सार्वजनिक खरीद कार्यमा भाग लिन रोक लागेको वा कालो सूचीमा परी आयोग्य भएको छैन र सार्वजनिक खरीद कारवाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय भएको छैन भनी उल्लेख गर्नु पर्नेछ ।